पाठ ३७

१. परमेश्वरको पुस्तक बाइबलका पहिला पाँचवटा पुस्तक लेख्ने को हुन् ?

- मोसा

२. के लेख्नुपर्ने हो भनी मोसालाई कसरी थाहा भयो ?

- तिनले के लेख्नुपर्ने हो भनी मोसालाई परमेश्वरले निर्देशन दिनुभयो ।

३. जब तिनीहरू मरुभूमिको बाटो यात्रा गरिरहेका थिए तिनीहरूलाई बाटो कसरी थाहा भयो ?

- तिनीहरूलाई परमेश्वरले अगुवाइ गर्नुभयो ।

४. परमेश्वरले इज्रेलीहरूलाई कता अगुवाइ गरिरहनुभएको थियो ।

- परमेश्वरले इज्रेलीहरूलाई कनानतिर अगुवाइ गरिरहनुभएको थियो, त्यो त्यही भूमि थियो जो भूमि दिनेछु भनेर परमेश्वरले तिनीहरूका पुर्खा अब्राहामलाई प्रतिज्ञा गर्नुभएको थियो ।

५. जब इज्रेलीहरू कनानको सीमानामा आइपुगे परमेश्वरले मोसालाई के गर्न भन्नुभयो ?

- परमेश्वरले मोसालाई बाह्रै कुलबाट एक एक जना छानेर उक्त देशको भेद लिन पठाउनू भन्नुभयो ।

- दशजना मानिसहरू जसले परमेश्वरमा विश्वास गरेनन् तिनीहरूले फर्केर आएर इज्रेलीहरूलाई के भने ?

६. परमेश्वरमा विश्वास नभएका दशजना मानिसहरू किन कनान प्रवेश गर्न चाहदैनथे ?

- ती दशजना मानिसहरू कनानमा बसोबास गर्ने अग्ला र बलिया मानिसहरू देखेर डराएका थिए ।
- ती दशजना मानिसहरूलाई परमेश्वर कनानका मानिसहरूलाई पराजित गर्न सक्नुहुन्छ भन्ने कुरामा विश्वास थिएन ।
- ती दशजना मानिसहरूले परमेश्वरले इज्रेलीहरूलाई कनानको भूमि दिन्छु भनी गरेको प्रतिज्ञामा विश्वास गरेनन् ।

७. कालेब र यहोशू जो परमेश्वरमा विश्वास गर्थे तनीहरू किन कनान प्रवेश गर्न चाहन्थे ?

- कालेब र यहोशू कनानमा बसोबास गर्ने अग्ला र बलिया मानिसहरू देखेर डराएका थिएनन् ।
- कालेब र यहोशूले परमेश्वरले कनानका मानिसहरूलाई पराजित गर्न सक्नुहुन्छ भनी विश्वास गरे ।
- कालेब र यहोशूले इज्रेलीहरूलाई तिनीहरूले परमेश्वरको आज्ञा मान्नुपर्छ र कनानमाथि चढाइ गर्न जानुपर्छ भने ।

८. हामीले परमेश्वरमा विश्वास गर्दैनौं भने हामी परमेश्वरलाई के भनीरहेका हुन्छौं ?

- एक झूठ व्यक्ति ।

९. किनभने इज्रेलीहरूले परमेश्वरमा विश्वास गर्न अस्वीकार गरे त्यसैले को मात्रै कनानमा जाने वाला थियो ?

- केवल कालेब, येहोशू र इज्रेलीहरूका छोराछोरीहरू ।

१०. किनभने इज्रेलीहरूले परमेश्वरमा विश्वास गर्न अस्वीकार गरे त्यसैले परमेश्वरले तिनीहरूलाई कसरी सजाय दिनुभयो ?
- तिनीहरू कनान जान नपाउने भए ।
- तिनीहरू सबै मरुभूमिमा नै मर्ने भए ।

- किनभने इज्रेलीहरूले परमेश्वरमा विश्वास गर्न इन्कार गरेको कारणले तिनीहरूले कनानमा प्रवेश गर्न पाएनन् तर मरुभूमिमै भौंतारिए ।

- जब इज्रेलीहरू कादेशमा आइपुगे तिनीहरूलाई पिउनको लागि पानी थिएन् ।

- इज्रेलीहरूले के गरे होलान् भनी तपाईं ठान्नुहुन्छ ?

आउनुस् गन्ती २०:१-५ पद पढौं ।

पहिलो महीनामा इस्राएलका मानिसहरू जीन मरुभूमिमा आइपुगे। मानिसहरू कादेशमा बसे अनि त्यही मरियम मरिन् र त्यही ठाउँमा गाडे। [2] त्यस ठाँउमा समुदायको निम्ति पानी थिएन यसकारण मानिसहरू मोशा र हारूनलाई आरोप लगाउन भेला भए। [3] मानिसहरूले मोशासित झगड़ा गरेर भने, "जब परमप्रभुको अगाडी हाम्रा दाज्यू-भाइहरू मरे, त्यही समय हामी पनि मर्नु पर्थ्यो। [4] तिमीहरूले किन परमप्रभुको मानिसहरूलाई यस मरुभूमिमा ल्यायौ? के हामी र हाम्रो पशुहरूलाई मार्न चहान्छौ? [5] अनि किन यस्तो खराब ठाँउमा ल्याउन हामीलाई मिश्र देशदेखि अगुवाई गर्यो? यस ठाँउमा अन्न हुँदैन, नेभारा, दाख अनि अनारहरू पनि हुँदैन। अनि यहाँ पिउनको निम्ति पानी पनि छैन।"

- जब इज्रेलीहरूलाई पिउनको लागि पानी थिएन के तिनीहरूले परमेश्वरले पानी दिन सक्नुहुन्छ भनी विश्वास गरे ?
- गरेनन् ।

- इज्रेलीहरूले के गरे ?
- तिनीहरूले मोसा र हारूनलाई दोष लगाए ।

- जब तिनीहरूलाई पिउनको लागि पानी थिएन इज्रेलीहरूले के गर्नुपर्थ्यो ?
- तिनीहरूले परमेश्वरसँग पिउनको लागि पानी माग्नुपर्थ्यो ।

- विगतमा परमेश्वरले तिनीहरूलाई पत्थरबाट निकालेर पानी दिनुभएको थियो ।

- इज्रेलीहरूले किन परमेश्वरसँग पानी दिनुहोस् भनेर मागेनन् ?
- किनभने तिनीहरूले परमेश्वरमा भरोसा गरेनन् ।
- आज धेरै मानिसहरू इज्रेलीहरूजस्तै भएका छन् ।

- यद्यपि परमेश्वरले वर्षा दिनुहुन्छ र मकै हुर्किन्छ तर पनि धेरै मानिसहरू परमेश्वरमा भरोसा गर्दैनन् ।

- त्यहाँ पानी नभए पछि मोसा र हारूनले के गरे ?

आउनुस् गन्ती २०:६ पद पढौं ।

[6] यसर्थ मोशा र हारून मानिसहरूको समुदायबाट भेट हुने पालको प्रवेशद्वारमा गए। तिनीहरूले तिनीहरूको शिर भूँईमा निहुरयाए अनि परमप्रभुको महिमा तिनीहरू सामुन्ने देखा पर्यो।

- के मोसा र हारून इज्रेलीहरूलाई पानी दिन सक्षम थिए ?
- थिएनन् ।

- किन मोसा र हारून इज्रेलीहरूलाई पानी दिन सक्षम थिएनन् ?
- किनभने तिनीहरू मरुभूमिमा थिए ।

- यदि परमेश्वरले इज्रेलीहरूलाई पानी दिनुभएको हुन्नथ्यो भने के हुन्थ्यो ?

आउनुस् गन्ती २०:७-८ पद पढौं ।

[7] परमप्रभुले मोशालाई भन्नुभयो, [8] "तिमी र तिम्रा दाज्यू हारूनले त्यो लौरो लेऊ र मानिसहरूलाई भेला गर अनि तिनीहरूको सामुन्नेको चट्टानसित बोल। तब चट्टानले तिमीहरूलाई पानी दिनेछ। यसरी मानिसहरू र तिनीहरूको पशुहरूको निम्ति तिमीहरूले चट्टानबाट पानी दिन सक्छौ।"

- किनभने परमेश्वरले इज्रेलीहरूलाई प्रेम गर्नुभयो र तिनीहरूलाई पानी दिनुभयो ।

- पानी पाउनको लागि के गर्नुपर्छ भनी मोसालाई परमेश्वरले भन्नुभयो ?
- परमेश्वरले पानी पाउन मोसाले पत्थरलाई भन्नुपर्छ भन्नुभयो ।

- विगतमा जब इज्रेलीहरूलाई पानी चाहियो परमेश्वरले मोसालाई पत्थरलाई हिर्काउन भन्नुभयो ।

- अहिले परमेश्वरले मोसलाई पत्थरलाई भन्नुपर्छ भन्नुभयो ।

- मोसाले के गरे ?

आउनुस् गन्ती २०:९-११ पद पढौं ।

[9] यसकारण परमप्रभुले उसलाई आज्ञा दिनु भए बमोजिम मोशाले परमप्रभुको अघिबाट लौरो लिए।
[10] त्यसपछि मोशा र हारूनले मानिसहरूलाई चट्टानको सामुन्ने भेला गराए। तब मोशाले
तिनीहरूलाई भने, "तिमीहरू विद्रोही हो। सुन, के हामीले तिमीहरूको निम्ति यो चट्टानबाट पानी
ल्याउनु?" [11] तब मोशाले हात उठाएर त्यस चट्टान माथि दुइ पल्ट आफ्नौ लौरोले हिर्काए अनि
प्रशस्त पानी बाहिर निस्कयो। मानिसहरू र पशुहरूले पानी पिए।

- के मोसाले पत्थरलाई पानी देऊ भने ?
- भनेनन् ।

- मोसाले के गरे ?
- तिनले पत्थरमा दुईचोटी हिर्काए ।

- मोसाले किन पत्थरमा हिर्काए ।
- किनभने तिनी इज्रेलीहरूसँग रिसाएका थिए ।

- के मोसाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ?
- गरे ।

- त्यसपछि परमेश्वरले मोसा र हारूनलाई के भन्नुभयो ?

आउनुस् गन्ती २०:१२ पद पढौं ।

[12] त्यसपछि परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "इस्राएलका सबै मानिसहरू यहाँ भेला भएका थिए तर तिमीहरूले म प्रति सम्मान देखाएनौ। तिमीहरूले इस्राएलका मानिसहरूलाई त्यो पानी निक्लने शक्तिको श्रोत म हुँ भन्ने देखाएनौ। तिमीहरूले उनीहरूलाई यो देखाएनौ की तिमीहरूले म माथि भरोसा गर्यौ। यसकारण यी समुदायलाई मैले दिन्छु भनेको भूमिमा लैजान अगुवाई गर्न पाउने छैनौ।"

- किनभने मोसा र हारूनले पत्थरमा हिर्काए तर तिनीहरूले त पत्थरसँग पानी माग्नुपर्ने थियो त्यसो गरेकोमा के परमेश्वरले तिनीहरूलाई दण्ड दिनुभयो?
- दिनुभयो ।

- परमेश्वरले मोसा र हारूनलाई कसरी दण्डित गर्नुभयो ?
- परमेश्वरले तिनीहरू दुईजना कनानको भूमिमा जान पाउनेछैनन् भन्नुभयो ।

- जब हारून मर्ने बेला आयो परमेश्वरले मोसालाई हारूनलाई लिएर नजिकैको डाँडाको टाकुरामा जान भन्नुभयो ।

आउनुस् गन्ती २०:२३-२५ र २८ पद पढौं ।

[23] होर पर्वत एदोमको सिमाना नजिक थियो। परमप्रभुले मोशालाई भन्नुभयो, [24] "अब हारून उसको पुर्खाहरूसित मिल्नेछ। तिमी र हारूनले मरीबाको पानीमा मैले दिएको आज्ञा पालन नगरेकोले मैले इस्राएलका मानिसहरूलाई दिन्छु भनेको भूमिमा तिमीहरू पस्न पाउने छैनौ। [25] "अब हारून र तिनका छोरो एलाजारलाई होर पर्वतमा लिएर आऊ। [26] हारूनको लुगा खोलेर उसको छोरो एलाजारलाई लगाई देऊ। हारून त्यहाँ पर्वतमा मर्छ र आफ्नो पिता-पुर्खाहरूसित मिल्न जान्छ।"

[28] मोशाले हारूनको खास लुगाहरू फुकाइदिएर एलाजारलाई लगाई दिए। त्यसपछि हारून त्यहीं पर्वतमा मरे अनि मोशा र एलाजार पर्वतबाट तल झरे।

- डाँडाको टाकुरामा हारून मरे ।

- के हारून् कनानको भूमिमा प्रवेश गरे ?
- गरेनन् ।

- किन गरेनन् ?
- किनभने हारूनले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।

- के परमेश्वरले उहाँको प्रतिज्ञा कायम राख्नुभयो ?
- राख्नुभयो ।
- परमेश्वर आफ्नो प्रतिज्ञा सधैं कायम राख्नुहुन्छ ।

- हारून मरेपछि तिनको सट्टामा को प्रधान पूजारी भयो ?
- हारूनका छोरा एलाजार ।

- त्यसको केही काल बितेपछि इज्रेलीहरूले फेरि गनगन गरे ।

आउनुस् गन्ती २१:४-५ पद पढौं ।

[4] इस्राएली मानिसहरू होर पर्वत छोडेर लाल समुद्र जाने बाटोमा हिड्न लागे। तिनीहरूले एदोम देश वरिपरि जानलाई त्यो बाटो गए। तर मानिसहरू धैर्यहीन भईसकेका थिए। [5] मानिसहरूले परमेश्वर

र मोशाको विरोधमा कुरा गरे। तिनीहरूले भने, "यो मरुभूमिमा मर्नुको निम्ति किन हामीलाई मिश्र देशबाट ल्याइयो? कारण यहाँ न त पानी छ न रोटी। तुच्छ खाना अथवा रोटी खाँदा-खाँदा वाक्क भई सक्यो।"

- यद्यपि परमेश्वरले इज्रेलीहरूलाई पानी दिनुभएको थियो तर तिनीहरूले लगातार गनगन गरिरहे ।

- किनभने इज्रेलीहरूले लगातार गनगन गरिरहे त्यसपछि परमेश्वरले तिनीहरूलाई के गर्नुभयो ?

आउनुस् गन्ती २१:६ पद पढौं ।

6 यसर्थ परमप्रभुले मानिसहरूको माझमा विषालु सर्पहरू पठाईदिनुभयो र तिनीहरूले धेरै मानिसहरूलाई डसेर मार्यो। यसरी इस्राएलका धेरै मानिसहरू मरे।

- परमेश्वरले इज्रेलीहरूको माझमा धेरै विषालु सर्पहरू छोडिदिनुभयो र तिनीहरूमध्ये धेरै जना मरे ।

- विषालु सर्पहरू जताततै थिए ।

- धेरै इज्रेलीहरूलाई सर्पले टोके र धेरैजना मरे ।

- पाप कसरी यी सर्पहरूजस्तै छ ?

- सर्पले इज्रेलीहरूलाई टोकेर तिनीहरू मरेजस्तै पापले धेरै मानिसलाई टोक्छ र तिनीहरू मर्छन् ।

- के इज्रेलीहरू विषालु सर्पहरू भगाउन सक्षम थिए ?
- थिएनन् ।

- किन थिएनन् ।
- किनभने विषालु सर्पहरू जताततै थिए ।

- जब परमेश्वर उहाँलाई विश्वास नगर्ने मानिसलाई सजाय दिन निर्णय गर्नुहुन्छ उसले भागेर जाने ठाउँ कतै पनि हुँदैन ।

- नोआको समयमा जो मानिस डुङ्गाको बाहिर थिए बाढी आउँदा तिनीहरूले भागेर जाने ठाउँ थियो ?
- थिएन् ।

- सदोम र गमोराको विनाशको समयमा शहरको भित्रै रहेका मानिसहरू भागेर जाने ठाउँ थियो ?
- थिएन ।

- जब लोतको स्वास्नीले सदोम र गमोराको विनाशको समयमा पछाडि फर्केर हेरिन् तिनी भागेर जाने ठाउँ कतै थियो ?
- थिएन ।

- जब परमेश्वर उहाँलाई विश्वास नगर्ने मानिसलाई सजाय दिन निर्णय गर्नुहुन्छ उसले भागेर जाने ठाउँ कतै पनि हुँदैन ।

- जब धैरै इज्रेलीहरू मरे बाँकी बचेका इज्रेलीहरूले के गरे ?

आउनुस् गन्ती २१:७ पद पढौं ।

7 मानिसहरू आएर मोशासँग भने, "हामी जान्दछौं परमप्रभु र तपाईंको विरोधमा बोलेर हामीले पाप गर्यौं। परमप्रभुसित प्रार्थना गरेर यी सर्पहरू फर्काउन लगाईदिनु होस्।" यसकारण मोशाले मानिसहरूको निम्ति प्रार्थना गरे।

- के इज्रेलीहरूले तिनीहरूको पाप स्वीकार गरे ?
- गरे ।

- के इज्रेलीहरूले मोसा र परमेश्वरलाई तिनीहरूको मद्दत गर्न अनुरोध गरे ?
- गरे ।

- के इज्रेलीहरू तिनीहरू आफैले आफूलाई सर्पहरूबाट सुरक्षा गर्न सक्षम थिए ?
- थिएनन् ।

- के मोसा इज्रेलीहरूलाई सर्पहरूबाट सुरक्षा गर्न सक्षम थिए ?
- थिएनन् ।

- केवल को मात्रै इज्रेलीहरूलाई सर्पबाट सुरक्षा गर्न सक्नुहुन्थ्यो ?
- परमेश्वर ।

- के परमेश्वरले इज्रेलीहरूको मद्दत गर्नुभयो ?

आउनुस् गन्ती २१:८-९ पद पढौं ।

[8] परमप्रभुले मोशालाई भन्नुभयो, "काँसाको एउटा सर्प बनाऊ र खम्बा माथि राख। सर्पबाट डसिएको कुनै व्यक्तिले त्यो खम्बामाथि राखिएको काँसाको सर्पलाई हेर्छ त्यो मर्ने छैन।" [9] यसकारण मोशाले परमप्रभुको आज्ञा मानी एउटा काँसाको सर्प बनाई खम्बामाथि राखे। त्यसपछि जब कुनै व्यक्तिलाई सर्पले टोके उसले त्यो खम्बा माथि राखिएको काँसाको सर्पलाई हेर्थ्यो र त्यो बाँच्थ्यो।

- इज्रेलीहरूलाई बचाउन मोसालाई परमेश्वरले के गर्न भन्नुभयो ?
- काँसाको सर्प बनाउन र त्यसलाई एउटा खाँबोको टुप्पोमा राख्न भन्नुभयो ।

- यदि इज्रेलीहरूलाई मृत्युबाट बाँच्नुथियो भने तिनीहरूले के गर्नै पर्थ्यो ?

- खाँबोको टुप्पामा राखिएको काँसाको सर्प हेर्नुपर्थ्यो ।

आउनुस् गन्ती २१:९ख पद पढौं ।

त्यसपछि जब कुनै व्यक्तिलाई सर्पले टोके उसले त्यो खम्बा माथि राखिएको काँसाको सर्पलाई हेर्थ्यो र त्यो बाँच्थ्यो।

- सर्पले टोकेको इज्रेली खाँबाको टुप्पोमा राखिएको काँसाको सर्प हेरेपछि बाँच्यो त ?
- बाँच्यो ।

- यदि इज्रेलीहरूले प्रार्थना गर्थे तर काँसाको सर्प हेर्दैनथे भने तिनीहरू बाँच्थे ?
- बाँच्दैनथे ।

- यदि इज्रेलीहरू परमेश्वरलाई बलिदान चढाउँथे तर काँसाको सर्प हेर्दैनथे भने तिनीहरू बाँच्थे ?
- बाँच्दैनथे ।

- बचाइनको लागि इज्रेलीहरूले परमेश्वरले भनेको कुरा मान्नै पर्थ्यो ।

- बचाइनको लागि इज्रेलीहरूले परमेश्वरको मार्ग पछ्याउनै पर्थ्यो ।

- के काँसाको सर्पमा इज्रेलीहरूलाई बचाउने कुनै शक्ति थियो ?
- थिएन ।

- कसमा मात्रै इज्रेलीहरूलाई बचाउन शक्ति थियो ?
- परमेश्वरमा ।

- जजसले खाँबोको टुप्पोमा राखिएको सर्प हेरे ती सबै इज्रेलीहरूलाई परमेश्वरले बचाउनुभयो ।

- के इज्रेलीहरूको पाप मृत्युको बोलावट थियो ।
- थियो ।

- यद्यपि इज्रेलीहरूको पाप मृत्युको बोलावट थियो तर पनि जजसले काँसाको सर्प हेरे तिनीहरूलाई परमेश्वरले के गर्नुभयो ।

- तिनीहरूलाई परमेश्वरले बचाउनुभयो ।